# वागलुङ नगरपालिकाको तेश्रो नगर सभाको समापनको अवसरमा जारी गरिएको प्रेस विज्ञप्ती

नेपालको राजनैतिक परिवर्तन पश्चात नेपालको सविंधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्देश गरे वमोजिम स्थानीय तहलाई प्रदत्त अधिकार तथा दायित्वको सिमा भित्र रहि जन निर्वाचित स्थानीय सरकारले कार्य जिम्मेवारी वहन गर्दै आएको पनि एक वर्ष व्यतित भै सकेकोछ । यसै सन्दर्भमा विगत एक वर्षमा वागलुङ नगरपालिकाले नगर र नगरवासीका आवश्यकताहरुलाई सम्वोधन गर्ने र नगरपालिका तथा जिल्लाकै विकास निर्माण तथा समृद्धिका लागि विगत २७ वर्षदेखि अवरुद्ध रहेको वलेवा विमानस्थलको सञ्चालन, वागलुङ नगरमा सिटिहलको निर्माण, लामोसमयदेखि अलपत्र अवस्थामा रहेको माझी समुदायको पुनस्थापना, व्यवसायिक चिया खेतिको सम्भाव्यता अध्ययन, Geological Zoo को सम्भाव्यता अध्ययन जस्ता केहि महत्वपुर्ण कार्यहरुको थालनी गर्दै याहांसम्म आईपुग्दा नेपालको संविधान र स्थानीय सरकार सञ्चालन  ऐन २०७४, वमोजिमका कार्य र जिम्मेवारीलाई सवल र प्रभावकारी वनाउने क्रममा दैनिक कार्य सुव्यवस्थाका लागि आवश्यक केहि ऐन, नियम निर्देशिका तथा कार्यविधिहरु स्वीकृत गरी लागु गरि सकिएकोछ ।

यसै सन्दर्भमा मिति २०७५।३।११ गतेवाट शुरु भै आज मिति २०७५।३।२३ मा सम्पन्न भएको वागलुङ नगरपालिकाको तेश्रो नगरसभाको वैठकवाट नगर प्रमुख श्री जनकराज पौडेलज्यूवाट प्रस्तुत आ.व. २०७५।०७६ को वार्षिक नीति तथा कार्यक्रममा आधारित भई आ.व. २०७५।०७६ का लागि वजेट तर्जुमा समितिका संयोजक एवं नगर उपप्रमुख श्री सुरेन्द्र खड्काज्यूवाट सभासमक्ष प्रस्तुत भएको आन्तरिक आय, केन्द्र सरकार र प्रदेश सरकारवाट प्राप्त हुने विभिन्न वित्तिय समानीकरण अनुदान, सशर्त अनुदान, राजश्व वाँडफाँड, र ऋृण तथा अनुदान समेत गरी कुल १,०३,९५,५२,५९७- मात्रको आय व्ययको वजेट नगर सभावाट स्वीकृत भएकोछ ।

आगामी आ.व.मा “गरिवसंग मेयर ऋृषिराम शर्मा” कार्यक्रम, “गोविन्द अधिकारी व्यवसायिक शिक्षा छात्रवृत्ति कार्यक्रम”, “भगत सर्वजित विश्वकर्मा सिप तथा रोजगार प्रवर्धन कार्यक्रम” “जनता सुरक्षित आवास कार्यक्रम” सञ्चालन, कृषि तथा पशुजन्य  उत्पादनलाई आधुनिक र व्यवसायिक उत्पादन प्रणालीमा लैजानका लागि केहि विशिष्टिकृत कार्ययोजना समेत सञ्चालन गर्न, आधुनिक वसपार्क निर्माण, र नगरका वडा केन्द्रसम्म सडक यातायातलाई पहुंचयोग्य वनाई नगरको आर्थिक, सामाजिक, तथा पुर्वाधार विकासलाई मुख्य प्राथमिकतामा राखि नगरको आर्थिक विकास तर्फ रु २,८९,००,०००।- पुर्वाधार

विकास तर्फ २३५५३६६२८।- सामाजिक विकास तर्फ २०,९२,००,०००।- वन वातावरण तथा विपद व्यवस्थापन तर्फ ३८,००,०००।- र प्रशासन संगठन तथा संस्थागत विकास तर्फ ११,६४,००,०००।- रकमको विनियोजन सहित आगामी आ.व. २०७५।०७६ को लागि वार्षिक नीति तथा कार्यक्रम, र वजेट विनियोजन तथा कार्यक्रम समेत नगर सभावाट स्वीकृत भएको छ ।

वागलुङ नगरपालिकाको तेश्रो नगरसभा वैठकको अन्तिम दिन आज मिति २०७५।३।२३ गतेका दिन सभामा प्रस्तुत गरिएका,

१. आर्थिक ऐन २०७५,

२. विनियोजन ऐन २०७५,

३. स्थानीय सञ्चित कोषमाथी व्ययभार हुने योजना तथा कार्यक्रमहरु,

४. नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने विधेयक २०७५,

५.न्यायिक कार्यसम्पादन कार्यविधि ऐन २०७५

सर्वसम्मतीका साथ स्वीकृत भएका छन् । उल्लेखित विधेयकलाई सभाको समापनको मितिले १५ दिन भित्र नगर प्रमुख एवं सभाका अध्यक्ष श्री जनकराज पौडेलज्यूवाट प्रमाणिकरण भई स्थानीय राजपत्रमा प्रकाशित भएपछि ऐनको रुपमा लागु हुने व्यवस्था रहेको छ । यस अवसरमा तेस्रो नगरसभा सफलता पुर्वक सम्पन्न गर्न प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग पुराउनुहुने नगरसभाका सम्पुर्ण सदस्यज्यूहरु जिल्लास्थित विषयगत कार्यालयका प्रमुखज्यूहरु, कर्मचारीहरु एवंम आमसञ्चारकर्मि मित्रहरु र सम्पुर्ण नगरवासी दाजुभाई तथा दिदि वहिनीहरु सवैलाई वागलुङ नगरपालिका हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

मितिः-२०७५।३।२३

भीम वहादुर कुँवर
(प्रमुख प्रशासकीय अधिकृत)
वागलुङ नगर कार्यपालिकाको कार्यालय
वागलुङ